# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, भदौ १ गते २०५८ साल (अतिरिक्ताङ्क २७ (क)

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

विभूषण (चौथो संशोधन) नियमावली, २०५८

विभूषण नियमावली, २०४८ लाई संशोधन गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले देहायका नियमहरू स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "विभूषण (चौथो संशोधन) नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विभूषण नियमावली, २०४८ को नियम ३ मा संशोधनः विभूषण नियमावली २०४८ को नियम ३ को उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

"तर, श्री ५ युवराजाधिराज १८ (अठार) वर्षको उमेर नपुगी बक्सेसम्म वा श्री ५ युवराजाधिराज घोषणा नभईसकेसम्म पृथुलाधीशले गर्नुपर्ने सबै काम श्री ५ महाराजाधिराजबाट तोकिबक्सेको व्यक्तिले चलाउनेछ ।"

आज्ञाले,
श्रीकान्त रेग्मी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५४

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।